## बोर्डो मिश्रण (१५ लिटर) बनाउने तरिका

**१. पहिलो पाइलाः निलोतुथोको घोल बनाउने**

एउटा पलाष्टिकको भाँडोमा १५० ग्राम (७ मैन सलाईको भित्री बट्टा) निलोतुथो हाली विलिन गराउने । यसका लागि करिब आधा लिटर (१ माना) तातोपानी हाली विलाउने र पछि सो घोलमा सात लिटर (१४ माना) पानी हाली पूर्ण घोलको मात्रा साठे सात लिटर बनाउने ।

**२. दोस्रो पाइलाः चुनको घोल बनाउने**

अर्को भाँडोमा १५० ग्राम (१६-२१ मैन सलाईको भित्री बट्टा) चुन राख्ने र करिब आधा लिटर (१ माना) पानी संग चुनको झोल बनाउने अनि त्यसमा अरु सात लिटर (१४ माना) पानी थपेर पातलो पार्ने र पातलो मलमलको कपडाले छान्ने ।

**३. तेस्रो पाइलाः निलोतुथो र चुनको घोललाई मिसाउने**

पूर्व बनाइएको दुवै घोलहरुलाई तेस्रो भाँडोमा एक साथ दुई जनाले बिस्तारै मिसाउदै तेस्रो व्यक्तिले लठ्ठीले चलाउने र अन्तमा पन्ध्र लिटरको तयार झोल बनाउने ।

**४. चौथो पाइलाः अम्लियपनाको जाँच गर्ने**

तयारी झोलमा खिया नलागेको फलामको काँटी लाई आधा भाग झोलमा र आधा भाग हावामा रहने गरि एक डोरीमा पाँच मिनेट सम्म झुण्डाई अम्लियपनाको जाँच गर्ने ।

यदि रातो वस्तु खिया लागेको जस्तो देखिएमा झोलमा निलोतुथो बढि भएछ भन्ने संकेत हुन्छ ।

यदि झोल अम्लिपना भएमा तुरुन्तै चुन पानीको घोल बनाई आवश्यक मात्रामा थप्दै पुनः जाँच गर्दै अन्तमा फलामको काँटी मिश्रणमा डुबाउदा पनि खिया लागेन भने मिश्रण प्रयोग गर्नको लागि उपयुक्त भयो भनि बुझ्नु पर्दछ ।

**५. पाँचौ पाइलाः प्रयोग**

१६ लिटर क्षमताको न्याकस्याप स्प्रेमा झोललाई जालीले छानी बोटमा स्प्रे गर्ने ।

उक्त तयार झोल बोटको आकार अनुसार १० देखि १५ स्याउ बोटमा स्प्रे गर्न सकिन्छ ।

२ देखि ३ हप्ताको फरकमा ३ पटक माघ फागुन र २ पटक जेठमा स्प्रे गर्दा बोट रोग मुक्त र फल राम्रो हुन्छ ।

# बोर्डो मिश्रण र बोर्डो पेष्ट

## बनाउने र प्रयोग विधि




नेपाल सरकार
कृषि विकास मंत्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय

**जिल्ला कृषि विकास कार्यालय**

(बाली संरक्षण शाखा)

जुम्ला

२०७१/७२

बाली संरक्षण अधिकृत श्री चन्द्रबहादुर बुढा

०८७-५२००२७, १६६०८७५२०००


## बोर्डो पेष्ट (१० लिटर) बनाउने तरिका

**१. पहिलो पाइलाः निलोतुथोको घोल बनाउने**

एउटा पलाष्टिकको भाँडोमा ६६० ग्राम (साठे तीन पलाष्टिकको चिया खाने सानो गिलास) निलोतुथो हाली विलिन गराउने । यसका लागि करिब आधा लिटर (१ माना) तातोपानी हाली विलिन गराउने र पछि सो घोलमा साठे चार लिटर (९ माना) पानी हाली पूर्ण घोलको मात्रा साठे सात लिटर बनाउने ।

**२. दोस्रो पाइलाः चुनको घोल बनाउने**

अर्को भाँडोमा १३२० ग्राम (१५-१७ पलाष्टिकको चिया खाने सानो गिलास) चुन राख्ने र करिब साठे दुई लिटर (५ माना) पानी संग चुनको झोल बनाउने अनि त्यसमा अरु साठे दुई लिटर (५ माना) पानी थपेर पातलो पार्ने र पातलो मलमलको कपडाले छान्ने ।

**३. तेस्रो पाइलाः निलोतुथो र चुनको घोललाई मिसाउने**

पूर्व बनाइएको दुवै घोलहरुलाई तेस्रो भाँडोमा एक साथ दुई जनाले बिस्तारै मिसाउदै तेस्रो व्यक्तिले लठ्ठीले चलाउने र अन्तमा दश लिटरको तयार झोल बनाउने ।

**४. चौथो पाइलाः प्रयोग**

रङ्ग लगाउने ब्रसको प्रयोग गरि झोललाई बोटको काण्ड वा फेद एकनासले वा काटेको घाउमा लगाउने ।

उक्त तयार झोल आकार अनुसार ३० देखि ४० स्याउ बोटमा लगाउन सकिन्छ ।

पुष माघ महिनामा काँटछाँट गरि सकेपछि एक पटक र बैशाख महिनामा बोटको काण्ड वा फेद वा काटेको घाउमा एक पटक लगाउदा बोटलाई ढुसीको आक्रमणबाट बचाउन सकिन्छ ।

**बोर्डो पेष्ट बनाउँदाः**

१ बोटको लागि २२ ग्राम निलोतुथो र ४४ ग्राम चुन चाहिन्छ ।

५० बोटको लागि ११०० ग्राम निलोतुथो र २२०० ग्राम चुन चाहिन्छ ।

**बोर्डो मिश्रण बनाउँदाः**

१ बोटको लागि १५ ग्राम निलोतुथो र १५ ग्राम चुन चाहिन्छ ।

५० बोटको लागि ७५० ग्राम निलोतुथो र ८०० ग्राम चुन चाहिन्छ ।

## १५ लिटर बोर्डो मिश्रण बनाउने तरिका




## बोर्डो मिश्रणः बोटमा स्प्रे गर्ने

निलोतुथो र चुन बाट बनाइएको फलफुलका बोटमा छर्नका लागि तयार गरिने झोल हो ।

प्रायः एक प्रतिशतको झोल बनाई प्रयोग गर्नका लागि सिफारिस गरिएको छ ।

## बोर्डो पेष्टः फेद वा काटिएको भागमा लगाउने

निलोतुथो र चुन बाट बनाइएको फलफुलका बोटको काण्ड वा फेदमा लेप वा काटिएका हाँगाहरुमा मलम लगाउने झोल हो ।

## आवश्यक सामाग्रीहरु

- निलोतुथो, चुन र पानी
- पलाष्टिकको बाल्टी (तिन वटा)
- नापो लिने भाँडा (मैन सलाईको भित्री बट्टा र पलाष्टिकको चिया खाने सानो गिलास)
- पातलो मलमलको कपडा
- काठको लठ्ठी
- फलामको खिंया नलागेको काँटी
- रङ्‍ग लगाउने ब्रस

## बनाउँदा ध्यान दिनु पर्ने कुराहरु

- मिश्रण बनाउँदा सधै पनि पलाष्टिकको भाँडा मात्र प्रयोग गर्नुपर्छ ।
- झोल सधै ताजै प्रयोग गरि सक्नु पर्छ त्यसैले झोल आवश्यक मात्रामा मात्र तयार गरि प्रयोग गर्ने गर्नुपर्छ ।
- मिश्रणलाई सधै पलाष्टिकको न्याकस्याप स्प्रेयर र पेष्टलाई सधै ब्रसले एकनासले छर्ने वा लगाउने गर्नुपर्छ ।
- निलोतुथो तुरुन्तै नघोलिने भएकाले तातोपानीको प्रयोग गरि विलिन गराउनु पर्छ वा एक दिन अगावै कपडामा बेरी पानीमा भिजाउनु पर्छ ।

**नेपालको पहिलो प्रांगारिक जिल्लाः जुम्ला**

## १० लिटर बोर्डो पेष्ट बनाउने तरिका

